# शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१०	संख्याः४	मितिः २०८३/०१/२५

भाग —२

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## शुद्धोदन गाउँपालिका

## पशुपंक्षी तथा मत्स्य फार्म र पशुपंक्षी पालन समुह दर्ता कार्यविधि,२०८३

पृष्ठभुमी

कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि २०८३ पशुपन्छी क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वाहमुखी अवस्थाबाट दिन प्रतिदिन आधुनिक तवरले व्यवसायिकरण गरेर प्रतिस्पर्धी रुपमा सक्षम बनाउनु आवश्यक छ । यसका लागी पशुपन्छीजन्य उत्पादन प्रशोधन तथा बजारीकरण गरि कृषकहरुलाई वढी भन्दा बढी प्रतिस्पर्धी तथा उत्पादनमुखी बनाउनको लागी प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित बर्ग सम्म पुर्याउने र पशु व्यवसायलाई आर्थिक उपार्जन स्वरोजगार प्रवर्द्धन एवम् गरिवी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउने साथै बढ्दो वैदेशिक पलायन दरलाई निरुत्साहित गरि यस गाउँपालिकामा पशुपन्छी तथा मत्स्य व्यवसायको माध्यमबाट गाउँपालिकालाई आवश्यक कृषि तथा पशुपन्छी जन्य मागलाई पूर्ति गरि बढी भएको उत्पादनलाई बाहिर निर्यात गरि पशुपन्छी तथा मत्स्य व्यवसायबाट कृषकहरुको जीवनस्तर उकास्नुको साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज सरल पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न शुद्धोदन गाउँपालिका बाट यो कार्यविधि जारी गरेको छ।

परिच्छेद- १.

प्रारम्भिक.

१. संक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम पशुपन्छी तथा मत्स्य फार्म र पशु पन्छि पालन समुह दर्ता कार्यविधि २०८३" रहेको छ । यो कार्यविधि शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकको कार्यालयबाटस्वीकृत भएको मितिबाट लागु हुनेछ

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले शुद्धोदन गाउँपालिका सम्झनु पर्दछ।

ख. "कार्यालय" भन्नाले शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग. "शाखा" भन्नाले शुद्धोदन गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा सम्झनु पर्दछ।

घ. "निजी फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि सम्बन्धित शाखामा दर्ता भएको

फर्मलाई सम्झनु पर्दछ ।

ङ. "कार्यविधि" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि २०८२।०८३ सम्झनु पर्दछ।

च.समुह भन्नाले कम्तिमा १५ जना सदस्य हरु रहेको पशुपन्छी तथा मत्स्य को उत्पादन बढाउने र बजारि करण गर्ने उध्यस्य भयको सम्झनु पर्दछ ।

३. उद्देश्यहरुः-

क. पशुपन्छी तथा मत्स्य विकास शाखाका कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउन।
ख. गाउँसभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई सञ्चालन गर्न सहयोग पुग्ने।
ग. सम्भाव्यता हेरी कार्यक्रम कृषि प्रसारमा सहयोग पुर्याउने।
घ. गाउँपालिकालाई दुध, मासु अण्डा र माछामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने।
ङ. पशु व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवम व्यावसायीकरण गर्नका लागी आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउने सहयोग स्वरुप अनुदान प्रदान गर्न ।

च. पशु व्यावसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने ।
छ. पशु व्यवसायलाई प्रभावकारी तरीकाले सञ्चालन गर्नका लागि विभिन्न प्रकारका यन्त्र उपकरण तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा सञ्चालन गर्ने।
ज. साना किसान हरुलाइ सेवा सुबिधा प्रबाहा का निमित्त तपसिल अनुसारका मापडण्ड भित्र रहि पशु पन्छि पालन समुह गठन गरिनेछ ।

परिच्छेद-२

१. पशुपन्छी तथा मत्स्य तर्फको फर्म दर्ता प्रक्रिया सका यस गाउँपालिका भित्र पशुपालन पेशा गर्दै आईरहेका व्यावसायिक कृषकहरुले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा अनुसूचि

१ को ढाँचाको निवेदन सहित समुहको बिधान सहित संलग्न राखि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दर्ता
गर्नुपर्नेछ।

(क) निवेदनको आधारमा पशुपन्छी फर्म र पशुपालन समुह दर्ताको प्राविधिकहरुले स्थलगत अनुगमन गरी फार्म दर्ता गर्न उपयुक्त देखिएमा अनुगमन प्रतिवेदनको आधारमा पशुपन्छि विकास शाखाको अभिलेखमा दर्ता हुने गरी अनुसुचि २ को ढाँचामा प्रमुख प्रशासकिय अधिकृत वा निजले अधिकार प्रत्ययोजन गरेको अधिकृत बाट पशुपालन फार्म दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

## परिच्छेद-३

पशु पन्छि पालक समुह र फार्म का आधारहरु र फार्मको वर्गिकरण पशुपन्छी तथा मत्स्य फार्म दर्ता मापदण्ड

१.व्यवसायिक गाई भैसी फार्म कम्तिमा २ वा सो भन्दा बढी दुधालु गाई/भैसी पाल्ने व्यावसायिहरुको व्यावसायिक गाई फार्म भएमा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा गाई फार्म दर्ता गरिनेछ यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गकरण गरिएको छ ।

तालिका नं. १ व्यवसायिक गाई/भैसी फार्म

| सि.नं. | फार्मको वर्गिकरण | माउ तथा छतौरीको संख्या | सबै पुजि रु | कैफियत |
|---|---|---|---|---|
| १ | साना | २ देखि ५ वटा | ३०००००। | विभिन्न जातका उन्नत तथा स्थानीय प्रजाती |
| २ | मझौला | ६ देखि १० वटा | ५००००० | |
| ३ | ठुला | ११ देखि माथी | ५००००० | |

२. व्यवसायिक भेडा/बाख्रा फार्म

२० वा सो भन्दा बढी प्रजननयोग्य माउ बाख्रा व्यावसायिक बाख्रा फार्म दर्ता गरिनेछ ।

यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गकरण गरिएको छ ।

| तालिका नं. २ व्यवसायिक भेडा/बाख्रा फार्म | | | | |
|---|---|---|---|---|
| सि.नं. | फार्मको वर्गिकरण | माउ तथा छतौरीको संख्या | सबै पुजि रु | कैफियत |
| १ | साना | १० देखि १५ वटा | २०००००। | विभिन्न जातका उन्नत तथा स्थानीय प्रजाती |
| २ | मझौला | १६ देखि ३० वटा | ३०००००। | |
| ३ | ठुला | ३१ देखि माथी | ५०००००। | |

३. व्यवसायिक पन्छी फार्म

विवरण अनुसार व्यावसायिहरुको व्यावसायिक पन्छी फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गकरण गरिएको छ । एक पटकमा पन्छी पालन

| तालिका नं. ३ व्यवसायिक पन्छी फार्म | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | फार्मको वर्गिकरण | लेयर्स र ब्रोईलर उत्पादनको लागी | स्थानीय कुखुरा/टर्की/हाँस उत्पादनको | सबै पुजि रु | कैफियत |
| १ | साना | २००देखि -१००० वटा संम्म | ५० देखि-१०० वटा संम्म | २०००००। | सबै फर्म मुल बाटो भन्दा २० मिटर टाडा हुनु पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मझौला | १००१ लेखि -३००० वटा संम्म | १०१ देखि -५०० वटा संम्म | ३०००००। | |
| ३ | ठुला | ३००१ देखि माथी | ५०१ देखि माथी | ५०००००। | |

४ व्यवसायिक बंगुर फर्म दर्ता यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गकरण गरिएको छ ।

| तालिका नं. ४ व्यवसायिक बंगुर फार्म | | सबै पुजि रु | बाटो भन्दा | कैफियत |
|---|---|---|---|---|
| फार्मको वर्गिकरण | लेयर्स र ब्रोईलर उत्पादनको लागी | | | |
| साना | माउ ५ देखि -१० वटा | २०००००। | मुल बाटो भन्दा २० मिटर टाडा | |
| मझौला | माउ ११ देखि -२० वटा | ३०००००। | मुल बाटो भन्दा २० मिटर टाडा | |
| ठुला | माउ२१ देखि माथी | ५०००००। | मुल बाटो भन्दा २० मिटर टाडा | |

५. मत्स्य फार्म

कम्तिमा २ कठा वो सो भन्दा बढी क्षेत्रफलमा पोखरी निर्माण गरी व्यावसायिस रुपमा माछापन गर्ने व्यावसायिलाई मत्स्य फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गकरण गरिएको छ ।

| तालिका नं. ५ व्यवसायिक मत्स्य फार्म | | | | |
|---|---|---|---|---|
| सि.नं. | फार्मको वर्गिकरण | मत्स्य फार्म | सबै पुजि | कैफियत |
| १ | साना | २-५ कट्ठा | २०००००। | स्थानीय माछाहरु |
| २ | मझौला | ६-१० कट्ठा | ३०००००। | |
| ३ | ठुला | ११ कट्ठा भन्दा माथी | ५०००००। | |

६. पशुपन्छी पालन समुह

साना किसान हरुलाइ सेवा सुबिधा प्रबाहा का निमित्त तपसिल अनुसारका मापडण्ड भित्र रहि समुहले तयार गरेको बिधान अनुसार पशु पन्छि पालन समुह गठन गरिनेछ ।

| तालिका नं. ६ पशुपन्छी पालन समुह | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | बिबरण | सदस्य संख्या | हुनु पर्ने पशु पन्छि | हितकोस रकम रु | कैफियत |
| १ | गाइ भैसि | १५ जना कम्तिमा | ३० गोटा कम्तिमा | १५००० कम्तिमा | |
| २ | भेडा बाख्रा | १५ जना कम्तिमा | ५० गोटा कम्तिमा | १५००० कम्तिमा | |
| ३ | कुखुरा | १५ जना कम्तिमा | ५०० गोटा कम्तिमा | १५००० कम्तिमा | |
| ४ | मिश्रित समुह | १५ जना कम्तिमा | गाइ १५ भडा/बाख्रा२५ पन्छी २५० | १५००० कम्तिमा | |

७. कृषि, पशु तथा मत्स्य फार्म दर्ता प्रक्रिया

क. अनुसूचि -१ को ढाँचामा पत्रको पेश गर्नुपर्नेछ ।

ख. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

ग. २ प्रति पासपोर्ट साईजको फोटो ।

घ. वडा कार्यलय बाट फर्म दर्ता गरिदिन हुन भनि दियको सीफारिष र चौकिल्ला प्रमाणित

ङ. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्कामा हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

च. पन्छी र बंगुर फर्म को लागि टोल बिकास समितिको फर्म दर्ता गरिदिन हुन भनि गरेको निर्णय सिफारिष र चार किल्ला मा पर्ने ब्यक्ति ले भबिस्यमा कुनैप्रकारको बिरोध गर्ने छैन भनि गरेको स्वघोषण यदि फर्म संचालन गर्ने ठाउमा घर हरु छैन भने सदियार को जमिन बाट ३० मिटर टाढा भयमा र फर्म बाट निस्किने मल मुत्र हरु को उचित ब्यवसथापन गर्ने प्रतिबधता गरेमा टोल बिकास समिति र वडा कार्यलयको सिफारिसमा पनि दर्ता गरिने छ।

छ. साना फर्म को लागि १ कठ्ठा र अन्यको लागि ३ कठ्ठा जग्गा एका घरका परिवार भयमा मन्जुरि नामा र भाडामा भए सो को सम्झौता पत्र ।

ज. व्यक्ति वा संगोलमा भए स्वघोषणा

झ. राजश्व बुझाएको रसिद (आर्थिक ऐन अनुसार) ।

ञ. सम्बन्धित वडा कार्यालयको सिफारिस न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा व्यवसाय नवीकरणको हकमा वडाको पशु प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन र समुहको हकमा समुहको बिधान को आधारमा मात्र वडा कार्यालयले सिफारिस गर्नुपर्नेछ ।

ट. फर्म बाट निस्किने मल मुत्र हरु बाटो/ कुलो /स्राबजनिक जमिन र छर छिमेकि को जग्गामा फल्ने छैन भनि गरेको स्वघोषणा

परिच्छेद - ४

१. नविकरण तथा खारेजी प्रकिया

क. नयाँ व्यवसाय सुरु गर्न कृषक फार्म दर्ता प्रक्रियामा लगिनेछ तर निजको प्रतिबद्धता अनुसार व्यवसाय सुरु गरेको हनुपर्ने छ । यदि निर्धारित समय सम्म पनि व्यवसाय सुरु नगरेको खण्डमा र फर्म संचालन गर्न १ बर्ष छोडेमा यस कार्यालयको निर्णय अनुसार फार्म खारेज वा कारवाही प्रक्रियामा लगिने छ । यदि व्यवसायीले व्यवसाय शुरु गर्न वा सञ्चालन गर्न नसक्ने भई फार्म दर्ता खारेजी गरी पाउँ भनी निवेदन दिए र समुहको बिधान बिपरित कार्य गरेमा अनुगमन प्रतिबेदन र वडा को सिफारिस अनुसार समुह/ फार्म खारेजी गरिनेछ ।

ख. दर्ता भएको फार्म पशुपन्छी तथा मत्स्य विकास शाखाले आधिकारीक प्रमाण पत्र उपलब्ध गराउने छ ।

ग. दर्ता भएको फार्म प्रत्येक नयाँ आर्थिक वर्ष सुरु भएपछी नविकरण गर्नु पर्ने छ ।

घ. यस कार्यविधी सुरु हुनु भन्दा अगाडी दर्ता भएको फार्म पनि नियमानुसार प्रत्येक आर्थिक वर्षको सुरु भए पछि नविकरण गरि प्रतिलिपि प्रमाण पत्र जारि गर्नु पर्नेछ ।

ङ. नयाँ फार्म दर्ता तथा नविकरणमा लाग्ने शुल्क यस कार्यालयको निर्णय अनुसार हुनेछ।

च. दर्ता भए पश्चात कार्यालयबाट समय समयमा अनुगमन गरिनेछ र कानुन विपरित कागजात गरेको पाईएमा यस कार्यालयको निर्णय बमोजिम कारवाही प्रक्रियामा लगिनेछ ।

छ. कार्यबिधि अनुसार कार्य नगरेमा वडा कार्यलय र टोल बिकास समितिको फर्म खारेजि गरिदिन हुन भनि गरेको निर्णय र सिफारिष को आधारमा दर्ता खारेजि गरिनेछ ।

ज. फर्म बाट निस्किने मल मुत्र हरु बाटो/ कुलो /स्राबजनिक जमिन र छर छिमेकि को जग्गामा फलेको भनि लिखित उजुरि परि अनुगमानमा सो कुरा प्रमाणीत भएमा दर्ता खारेज गरि सरोकार वाला निकायमा कानुन अनुसार कर्बाहिको सिफारिष गरिनेछ।

## परिच्छेद — ५

१ . पशुपन्छी तथा मत्स्य विकास शाखाको काम कर्तव्य र अधिकार

क. पशुपन्छी तथा मत्स्य विकास शाखाले पशुपन्छी तथा मत्स्य फार्म / समुह हरुको दर्ता अभिलेख राखी तिनीहरुको नियमन, प्रवर्द्धन र अनुगमन गर्ने ।

ख. गाउँसभाबाट स्वीकृत क पशुपन्छी तथा मत्स्य फार्म प्रवर्द्धन र बजार प्रवर्द्धन र बजार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रपमा कार्यान्वयन गर्ने ।

ग. दर्ता भएका समुह /फार्महरुलाई गाउपालिका / संघ तथा प्रदेश स्तरको कार्यक्रहरु सँग आवश्यक समन्वय गरिनेछ ।

## परिच्छेद — ६

१. थपघट वा हेरफेर

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन यस कार्यालयको आवश्यकता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि यस कार्यालयको आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

## अनुसूचि — १

फार्म दर्ताको लागि निवेदनको ढाँचा

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय

शुद्धोदन श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु मितिः

विषयः- व्यावसायिक फार्म दर्ता गरि पाउँ ।

प्रस्तुत विषयमा शुद्धोदन गाउँपालिका वडा नं....................मा मैले..................कट्ठा/संख्यामा मिति.................देखि........................खेती/पलान गर्दै आईरहेको वा मिति..............भित्रमा

................कट्ठा वा संख्यामा व्यावसायिक रुपमा खेती वा पालन गर्ने प्रतिवद्धता जनाउदै बार्षिक

रु...................को कारोबार हुने गरि.................नामको.................................फार्म दर्ता

गरि पाउँ भनी तपशीलमा उल्लेखित कागजातहरु संलग्न राखी फार्म दर्ताको लागी यो निवेदन पेश गरेको छु ।

तपशील

१. संलग्न अनुसूचि-१को ढाँचामा निवेदन थान —

२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान —

३. २ प्रति पासपोर्ट साईजको फोटो थान —

४. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का थान —

५. चौकिल्ला प्रमाणित हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान —

६. जग्गा भाडामा भए ५ बर्ष सम्मको सम्झौता पत्र थान —

७. व्यक्ति वा संगोलमा भए स्वघोषण/मञ्जुरिनामा थान —

८. राजश्व बुझाएको रसि (आर्थिक ऐन अनुसार) थान —

९. सम्बन्धित वडा कार्यालयको सिफारिस थान —

१०.समुहको हकमा बिधान समुहको दर्ता गरिपाउ भन्ने निर्णय र वडा कार्यलयको सिफारिस-

निवेदक

प्रोपाईटरको नामः-

ठेगाना

सम्पर्क

हस्ताक्षर

फर्म दर्ताको प्रमाणपत्रको ढाँचा

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रमाण पत्र नं .....

दर्ता नं. : .....

मितिः .............

१ . ब्यवसाय/फर्म /को नाम ................. प्रकार...............

२. ब्यवसायी सञ्चालकको नाम ...................

३. जग्गाधनी/घरधनीको नामः.......................

दुबै कान प्रष्ट देखिने गरि हालसालै खिचिएको पासपोर्ट साईजको फोटो

४. ब्यवसाय/फर्म /रहेको ठेगानाः....................

५. ब्यवसाय/फर्म/सप्लायर्स रहेको बाटोको नामः................

६. पालियका पशु गाइ/भैसि..........बाखा ..........पन्छी.................... गोटा .गोठ/खोर................

७. पोखरिको जलासय क्षेत्रफल .........................

८. ब्यवसाय/फर्म/सप्लायर्स रहेको टोल .....................घर नं . :स्थायि पाना नं

९. सम्पर्क नंः ............... ईमेल :

१० कुल पुंजी................. अक्षरेपी रु : .

११.ब्यवसायको उद्देश्यः

| | | |
|---|---|---|
| सञ्चालक | तयार गर्ने | जारी गर्ने |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः प्रोपराइटर | पदः | पदः |
| मितिः | मितिः | मितिः |

समुह दर्ताको प्रमाणपत्रको ढाँचा

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# पशुपालन समुह दर्ता प्रमाण-पत्र

प्रमाण पत्र नं. : ...

दर्ता नं. : ................ मितिः ...............

| समुहको छाप |
|---|

१ समुहको नामः ............... ............

२ सदस्य संख्या महिला ........ पुरुष ... जम्मा ..........

३ समुहको कार्यक्षेत्र रहेको ठेगानाः ...........

४ समुह रहेको बाटोको नामः ............

५ सम्पर्क नं. :............. ईमेल :

६ समुह को उद्देश्यः .....................।

७ समुह को प्यान नं–............

| अध्यक्ष को | तयार गर्ने | जारी गर्ने |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः .......... | नामः ............. | नामः.......... |
| पदः ......... | पदः .................. | पदः .................. |
| मितिः ........... | मितिः ............... | मितिः .................. |

नविकरण सम्बन्धी विवरण

फार्म / समुहको नामः

ठेगानाः

| नविकरण मिति | नविकरण अवधि | | रसिद नं/मिति | निवकरण गर्ने | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अधिकारीको सही | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नविकरण गर्ने अवधि १ वर्षको हुनेछ । प्रत्येक वर्षको श्रावण महिना पुनः नविकरण गर्नुपर्नेछ ।यदि नविकरण नगरेमा स्वत खारेज भएको मानिनेछ ।

प्रमाणीकरण मिति :- २०८३/०१/२५

आज्ञाले
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत